नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११२ / ४५११५३७ / ४५१९५०१
फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२।८३
च. नं. :- १०९६

मितिः २०८२/०९/०९

श्री ईशान हाइड्रोपावर प्रा.लि.,
काठमान्डौं-१५, नेपाल।
फोन नं. +९७७-१-५९०७११३

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित रागागाड खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरु पेश हुन बाँकी देखिएकोले सो विवरणहरु विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्नुहुन मिति २०८२।०९।०९ को निर्णयानुसार अनुरोध छ।

तपशिलः

१. प्रवर्द्धक कम्पनी श्री ईशान हाइड्रोपावर प्रा.लि.को दर्ताको प्रमाणपत्र,प्रबन्धपत्र, नियमावली, प्यान दर्ता प्रमाणपत्रहरुको नोटराइज प्रतिलिपि।
२. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको नोटराइज प्रतिलिपि।
३. प्रवर्द्धक कम्पनीको आ.व. २०८१/८२ को कर चुक्ता प्रमाण पत्र ।(नोटराइज प्रतिलिपि)
४. प्रवर्द्धक कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारि पत्र।(नोटराइज प्रतिलिपि)
५. प्रवर्द्धक कम्पनीको कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण।
६. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण (यस सम्बन्धमा सञ्चालक समितिको निर्णय), पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नम्बर (कार्यालय र निवास)।
७. Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)
८. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ८ बमोजिमको आर्थिक हैसियत पुष्टी हुनेगरि विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात विवरणहरु।
९. नेट वर्थ तयार गर्ने सिए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि।
१०. परापर्श दातृ संस्थाको संथा दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको नोटराईज प्रतिलिपि।
११. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

२०८२/०९/०९

(पोष्टराज पौडेल)
इन्जिनियर